10.3126/voh.v31i1.53818

# माथवरसिंह थापाको राजकाज

बाबुरामसिंह थापा
एम फिल शोधार्थी

**लेखसार**

*आधुनिक नेपालको निर्माणमा राजा पृथ्वीनारायण शाहको अतुलनीय भूमिका रहेको छ । राज्यहरुको बिघटनले विभिन्न राज्यमा विभक्त नेपाली भू-भागलाई एकीकृत गरी सार्वभौम राष्ट्र बनाउने सपनासंगै राजशक्ति र जनशक्तिको मेल गराई, नेपालको एकीकरण अभियान सम्पन्न गर्ने इच्छा राखेर अघि बढेका पृथ्वीनारायण शाहका उत्तराधिकारीले दिव्य उपदेशको शाश्वत नीतिलाई कार्यान्वियन गर्न सकेनन् । यिनको मृत्युपछि सत्ता संघर्षको खेलमा लागेर भाई-भारदार बीच काटमारको स्थिति उत्पन्न भयो । तात्कालिन राजा राजेन्द्र विक्रम शाहको राजकाज क्षमतामा कमी, महारानी राज्यलक्ष्मीको छोरालाई राजा बनाउने षड्यंत्रले राजकाज सही दिशामा चल्न सकेन । देशको स्थिति बिषम रहेको बेला माथवरसिंह थापाले सुदृढ प्रशासन दिने प्रयास गरे तर उनको हत्या भयो । भारादारहरुबीच सत्ता संघर्षको बिगबिगी र अंग्रेज रेसिडेन्टको कुटनीतिले दरबार झनै भाँडियो । राजा राजेन्द्र बिक्रम शाह र बडा महारानी साम्राज्यलक्ष्मी देवी बीचको मत-मतान्तरले राजकाज सहज बनेन । यिनी पछि रानी राज्यलक्ष्मी देवीको समयमा नेपाल फर्किएका माथवरसिंह थापाको असामयिक हत्या पछि एक आपसमा घात-प्रतिघात र षड्यंत्रको भुमरीमा फँसेर नेपालले १०४ वर्षसम्म निरंकुश राणा शासन बेहोर्न वाध्य भयो । यस लेखमा वि.सं. १९०१ साल फागुन ४ मा प्राइम मिनिष्टर र कला बहादुरको खिताब पाएका माथवरसिहको छोटो समयको राजकाजको विश्लेषण गर्ने र यसका लागि गुणात्मक अनुसन्धान विधिको प्रयोग गरी (Qualitative Research) तात्कालिन नेपालको राजकाजको यथार्थ स्थिति बारे प्रकाश पारिएको छ ।*

**शब्द कुञ्जिका**

उपांसुवध, सुनापत्र, लालमोहर, जितापत्र, प्रभाव बिस्तार, भारादारी षडयंत्र,

## परिचय

नेपाल राष्ट्रको निर्माण अभियानमा भाइ-भारादार, थर-घर र जनतालाई अग्रसर गराउँदै आधुनिक नेपालको निर्माण भएको तथ्य घाम झैँ छर्लङ्ग छ । राजा पृथ्वीनारायण शाहको देहावसान पछिका दिनहरुमा दरबार कमजोर बन्दै गयो । दरबार नै सत्ता केन्द्रित खेलमा संलग्न हुँदा भारादारी षड्यंत्र बढेर गएकोले राजकाजमा संलग्न मुख्तियार, प्रधानमंत्री समेतले कालगतिले मर्न नपाउने अवस्था देखा पऱ्यो । अझ, नेपालका राजा, रानी र युवराजको सत्ता लिप्साले सिमलाबाट आएका माथवरसिंह थापाको हत्या हुनु दुःखदायी घटना थियो । यसबारे प्रकाश पार्ने लक्ष्य अनुरुप यो लेखमा राजा राजेन्द्र बिक्रम शाहको कमजोर नेतृत्व, पदलोलुप चरित्र एवं वाह्य चलखेल लगायतका घटनाक्रम एवं त्यसको यथार्थ कारणहरुको विश्लेषणात्मक प्रस्तुतिमा केन्द्रित गर्ने प्रयास गरिएको छ ।

**समस्या र उद्देश्य**

नेपाल राष्ट्रको निर्माणका नायक राजा पृथ्वीनारायण शाहको अल्पायुमै देहावसान हुँदा यिनका उत्तराधिकारी बीच सत्ताका लागि ठूलो संघर्ष भएको इतिहास छ। यसैगरी, देशमा स्थिरता कायम गर्न व्यवस्थित ढगंले राजकाज गरिरहेका भीमसेन थापाको अवसानले देशमा अशान्ति एवं अराजकताको स्थिति उत्पन्न भयो। बि.सं. १८६३ मा मुख्तियार बनेका भीमसेन थापाको पालामा चारैतिर अमन-चयन कायम भए पनि दरवार भित्र रणजङ्ग पाँडे लगायतका भारदारले मुख्तियार भीमसेन थापा प्रति बाप वैरी साध्ने कुचेष्टा गर्दा स्थिति विषम बन्दै गएको थियो। यिनी माथि झुठो बिष मुद्दा लाग्यो र पहिलो पल्टको भारादारी सभाले निर्दोष साबित गरेकाले यिनी गोर्खा, बोर्लाङमा बसोबास गरिरहको बेला दोश्रो पल्ट बिष मुद्दा उल्ट्याइयो र यिनले नजरबन्दीको अवस्थामै बि.सं. १८९६, श्रावण महिनामा सेरिएर देह त्याग गरेका थिए।

भीमसेनको अवसान पछि पुनः नेपालमा भाइ-भारादार बीच घात-प्रतिघात, षड्यंत्र एवं वैमन्यस्यता बढेकोले त्यसबाट मुक्ति पाउन योग्य भारादारको आवश्यकता महशुश गरी लाहोरमा रहेका माथवरसिंह थापालाई बोलाहट भयो। भारतको सिमलामा रहेका माथवरसिंहले नेपालको अस्थिर राजनीति मध्यनजर गरी यता आउने सोच राखेका थिएनन्। तर, उनी आफ्नो वंश माथि लागेको मिथ्या आरोप मेटाउन थाहन्थे र अझ देशको दुरावस्था हटाउन नेपाल फर्किए। स्वामी महाराज रण बहादुर शाहको शासनकाल देखि नै दरबारभित्र षड्यन्त्र हुँदै आएकोले राजकाज चलाउन सहज थिएन्। यस लेखमा तात्कालिन नेपालको राजनैतिक परिवेश, माथवरसिंह थापाको राजकाज नीति, यिनको मृत्युका ठोस कारणहरु एवं नेपालमा स्थित ब्रिटिश रेजिडेन्सीको चलखेलबारे विश्लेषण गरिने छ।

**अध्ययनको विधि र पद्धति**

प्रस्तुत लेखलाई तथ्यपरक बनाउन ऐतिहासिक अध्ययनलाई प्राथमिकता दिँदै लेख तयार पारिएको छ। लेख एवं शोधहरुमा, अनुमान, भावना, कल्पना र अतिरञ्जनाको कुनै स्थान हुँदैन। प्रमाणबाट नै लेखिएका कुराको पुष्टि गर्नु पर्दछ। (Von, Mayor, 1966). यस लेखमा बिषयसंग सम्बन्धित रहेका अभिलेख, अर्न्तवार्ता तथा परिशिष्टलाई प्राथमिक श्रोतको रुपमा लिइएको र अन्यलाई द्धितीय श्रोतमा राखिएको तथ्यसँगै लेखन कार्यमा बिश्लेषण गर्दा गुणात्मक (Qualitative Research) तथा विश्लेषणात्मक विधि प्रयोग गरिएको छ।

**विषय प्रवेश**

बि.सं. १८९६ श्रावण १६ गते नेपालका देशभक्त, कुटनीतिज्ञ मुख्तियार भीमसेन थापाको अवसान पछि नेपालमा अराजकताको स्थिति देखा परेको समयमा राजकाज गर्न सक्ने योग्य भारादारको अभावमा प्रशासन लथालिङ्ग भएर मुलुक

अस्थिरता तर्फ धकेलिएको थियो । राजा राजेन्द्र विक्रम शाहको समयमा भीमसेन थापा जस्ता सुयोग्य मंत्रीको देहावसान भएकोले देश गहिरो संकटपूर्ण स्थितिमा रहेको थियो ।

यिनी पछिको मुख्तियारीमा पण्डितराज, रंगनाथ पौडेल, पुष्कर शाह, रणजङ्ग पाँडे र फत्तेजङ्ग शाहको नियुक्ति भए पनि यी सबै भारदारबाट राजकाज चल्न नसकेको स्थितिमा लाहोरमा रहेका माथवरसिंह थापाको चर्चा हुन थाल्यो । यस विषयमा थापा भारादारका समर्थक रहेकी महारानी राज्यलक्ष्मीको विशेष चासो रहेको थियो । प्रवासमा रहेर धन एवं मान-सम्मान पाएका माथवरसिंहलाई दरबारले पटक पटक बोलाहट गरे पनि उनी राजाको वचन र व्यवहार प्रति पूर्ण आश्वस्त थिएनन् । उनलाई मुख्तियारको पद दिने, जफत गरिएको सम्पत्ति फिर्ता गर्ने, थापाहरुको प्रतिष्ठा, जात-भात फर्काउने र षड्यंत्रकारी भारादारमाथि निष्पक्षरुपमा तहकिकात गरी सजाय दिने कुरा गरी पत्र पठाइयो । त्यति गर्दा पनि उनी नेपाल आउन हिचकिचाएका थिए । (Oldfield, 1974) लाहोरबाट गोरखपुर आएर बसेका माथवरसिंहलाई उनका भाञ्जाले परिस्थिति अनुकुल रहेको विश्वास दिलाएका थिए । कुनै किसिमको षडयंत्र नहुने कुरामा आश्वस्त भए पछि मात्र उनी ठुलो सौगातका साथ नेपाल फर्किएका थिए । भीमसेन लगायत अन्य थापा भारादारहरु प्रति विश्वास गर्ने काठमाण्डौका जनताले यिनको भव्य स्वागत गरे । (यमि, २०५८)
माथवरसिंह थापा नेपाल फर्किएको केही समय पछि बि.सं. १९०० श्रावण महिनामा भारादारी सभा बस्यो । पहिलेको बिष मुद्दाको तहकिकात गर्दा भीमसेन थापा लगायत थुप्रै भारादारहरु निर्दोष साबित भए र यस्तो जालसाजी गर्ने पाँडे खलकले कठोर सजाय पाएका थिए । आफ्ना सहोदर भाइ-वन्धुको हत्याको दृश्य देखेका षड्यंत्रका सूत्रधार मुख्तियार रणजङ्ग पाण्डे मुर्च्छित बनेको केही समय पछि नै दिवंगत भए । बि.सं. १९०० बैशाखमा जितापत्र पाएका माथवरसिंहले बि.सं. १९०० मंसिर महिनामा मुख्तियारी पद पाएका थिए । यही जितापत्रको आधारमा थापा खलकको इज्जत स्थापित गर्ने काम भएको थियो । मुख्तियार भएको प्रारम्भिक काल देखि नै यिनले सुव्यवस्थित ढंगबाट राजकाज चलाउने प्रयाश गरे । यिनले संतुलित भूमिका निर्वाह गर्दै राजकाजमा आफ्नो योग्यता प्रदर्शित गरेका थिए । (त्यागी, १९७४)

त्यतिखेरको अराजक अवस्था सम्हालेर शासन चलाउनु ज्यादै कठिन कार्य थियो । तात्कालिन बेलायती पत्रहरु अनुसार प्रधानमंत्री माथवरसिंह थापा माथि राजकाज गर्दा चारैतिरबाट ठूलो दवाव थियो । यिनले राजा, युवराज, रानी र ब्रिटिश रेजिडेन्सीको निर्देशनलाई विचार गरी काम गर्नु पर्दथ्यो । यस्तो बाध्यतालाई मध्य नजर गर्दै ब्रिटिश रेजिडेन्ट हेनरी लेरेन्सले राजा राजेन्द्रलाई Mr Nepal, युवराजलाई Master Nepal र रानीलाई Mrs Nepal भनेर व्यङ्ग गरेका थिए । (Shah-2001) माथवरसिंहले राजकाज गरिरहेको बेला यिनी चारै तिरबाट घेरा बन्दीमा पर्न थाले । महारानी राज्यलक्ष्मी आफ्ना छोरा युवराज रणेन्द्र बिक्रम शाहलाई नेपालको राजा बनाउन चाहन्थिन । राजा राजेन्द्र बिक्रम शाह सत्ताको मूल केन्द्रमा बसी प्रत्यक्ष रुपमा शासन गर्न चाहन्थे । युवराज सुरेन्द्र बिक्रम शाह  राजगद्दीका लागि ढिपी कस्दै थिए । यस्तो "त्रयी शासन" को बेलामा मुख्तियारलाई काम गर्न ज्यादै असहज भयो र उनले पदबाट राजीनामा दिए । तर, अर्को योग्य व्यक्तिको अभावमा दरबारबाट उनको राजीनामा स्वीकृत भएन ।

नेपाल दरबारमा आ-आफ्नो अनुयायी दल खडा गरेर असंगत क्रियाकलाप गर्दै आएको अवस्थामा राजा र युवराजलाई मुख्तियारले धर्मपत्र गराएका थिए । त्यति गर्दा पनि अन्तः कलह शान्त भएन । अकस्मात युवराज सुरेन्द्र झोक्किएर हेटौंडा पुगे । राजपरिवार माझ शान्ति ल्याउन र शासन गर्न सहज हुने देखेर मुख्तियार माथवरसिंह थापाले राजालाई गद्दी छोडिदिन आग्रह गरेका थिए । तर, राजाले यसलाई शत्रुतापूर्ण रुपमा लिए । महारानी राज्यलक्ष्मी प्रधानमंत्री प्रति यसै पनि क्रोधित थिइन । युवराज सुरेन्द्र विक्रम शाह शुरु देखि नै पाँडे भारादारबाट निर्देशित भएकाले थापाका हितैषी थिएनन् । यतिखेर आक्रोसित राजा, रानीले माथवरसिहं थापाको हत्या गर्ने लक्ष्य बमोजिम भारादारको खोजी गर्दा गगनसिंह खवास र जङ्ग बहादुर कुँवर उपयुक्त पात्र ठहरिएकाले यिनलाई कङ्केश्वरीको मन्दिरमा देवीको मुर्ति छुवाएर धर्म भकाई मुख्तियारको हत्या गर्ने अभिभारा दिइयो । (रमाकान्त, १९६८)

तात्कालिन नेपालमा माथवरसिंह र ब्रिटिश रेजीडेन्सी बीच भेटघाट हुँदा नेपालको राजकाज बारे चर्चा हुने गर्थ्यो । राजदूत हेनरी लरेन्स चतुर कुटनीतिज्ञ थिए । उनी नेपालको आन्तरिक राजनीतिमा चल खेल गरेर यो देशलाई आफ्नो वशमा राख्न चाहन्थे । माथवरसिंह थापाले ब्रिटिश रेजिडेन्सीको कुटनीति थाहा पाउन आफ्ना भाञ्जा जङ्ग बहादुरलाई परिचालन गरे पनि बेलायती रक्सीको मातमा यिनले दरबारका गोप्य कुरा बताईदिन्थे । जङ्ग बहादुरको माध्यमबाट नेपाल दरबारको भित्री कुरा थाहा पाउने लरेन्सले काटमारको स्थिति उत्पन्न गराउन अप्रत्यक्षरुपमा भूमिका निर्वाह गरेका थिए । प्रधानमंत्री माथवरसिंहले भाञ्जाको विश्वासमा परेर रेजिडेन्सीको षड्यंत्र बुझ्न सकेनन् । माथवरसिंह स्वयं अभिमानी प्रकृतिका शासक थिए । यिनी हाकाहाकी कुरा गर्न रुचाउथे । कसैलाई छलछाम गर्न नचाहने र चाकडी, चाप्लुसीको स्वभाव नहुँदा राजा र रानी यिनी प्रति अप्रसन्न भए । यी दुवै पक्ष मिलेर यिनको अस्तित्व नामेट पाने चाहन्थे । (सुवेदी, २०७८)

माथवरसिंहको व्यक्तित्वको कुरा गर्दा यिनी ओजस्वी थिए । नेपालका राजाबाट सुनापत्र, जितापत्र र लालमोहर प्राप्त गरेका प्रथम प्रधानमंत्री माथवरसिंहले कहिल्यै राष्ट्रघात गरेनन् । उनी स्थिरता र गहन व्यक्तित्वका धनी थिए । (थापा, २०३०) कला बहादुर माथवरसिंह थापलाई मुलूकका प्रजाले धेरै माया गर्थे । सैनिक माझ उनी उत्तिकै लोकप्रिय थिए । यस संगै, यी नायकले प्रशासन एवं कुटनीतिमा आफ्नो महत्व प्रदर्शित गरेका थिए । (Oldfield, 1974) श्री ५ राजेन्द्र विक्रम शाहबाट वि.सं. १९०० पौष ९ मा माथवरसिंह थापालाई भीमसेन थापाले पाए सरहको मुख्तियारी सहितको अभयदान वक्स भएको लालमोहर प्रदान गरिएको थियो । (परिशिष्ट १) यसबाट पनि यिनको जवांमर्दी र योथ्यता प्रदर्शित हुन्छ ।

विभिन्न इतिहासकारले माथवरसिंह थापाको व्यक्तित्व, कृतित्व र मृत्युका कारण बारे आ-आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । माथवरसिंह थापा सिमलामा रहँदाखेरिनै उनमा रहेको प्रतिभा केही प्रकाशमा आएको देखिन्छ । भनिन्छ कि एकचोटी

त्यहाँका लाठसंग कुरा कानी हुँदा उनको सुन्याईं र जमामर्दी कुराले गर्दा त्यहाँ उपस्थित कचहरीका सारा व्यक्ति छक्क परेका थिए । (थापा, २०३०) प्रायः जसो इतिहासकारहरुले माथवरसिंह थापा राजकाजमा समर्थ रहेका इमान्दार, योग्य कुटनीतिज्ञ र वैदेशिक, सैनिक नीतिमा सक्षम रहेको तथ्य स्पष्ट पारेपनि ज्ञानमणि नेपाल र रमाकान्त लगायतका विद्धानले यिनी घमण्डी प्रकृतिका, स्वेच्छाचारी एवम् राजशक्तिको अपमान गर्ने व्यक्ति भनेर आरोप लगाएका छन् । वास्तवमा माथवरसिंह थापा नेपाल आमाका एक कर्मठ पुत्र थिए जसको हृदयले स्वदेशलाई कहिल्यै बिर्सिएन । त्यसलै जुन माटोमा जन्मिए त्यही माटोमा मिल्ने सौभाग्य उनले पाए । (श्रेष्ठ, २०४६) अधिकांश इतिहासकारले यी देशभक्त भारादारको बिषयमा कलम चलाउँदा अनाहकमा हत्या गरियो भनेर लेखेका छन् । समग्रमा, माथवरसिंह थापा नेपालको इतिहासका एकजना समर्थ, देशाभिमानी र नेपाल राष्ट्रको भलो चाहने असल संतति थिए भनेर मिमांसा गर्न सकिन्छ । दरवारमा माथवरसिंह थापा कुकुरहरुको झुण्ड मध्ये एक सिंह थिए । उनी एक डरलाग्दो व्यक्ति थिए तापनि उनीसंग प्रसस्त गुण, शक्ति र पर्याप्त योग्यता पनि थियो । नेपालमा उनी जस्ता अर्को व्यक्ति पाउन मुश्किल होला अतः नेपालले आफ्नो दाहिने हात नै गुमायो । (Wheeler, 1845) माथवरसिंहको प्रभावशाली व्यक्तित्वले देशको सारा सेना माथि पनि ठूलो प्रभाव पारेको थियो । उनी एक योग्य र बहादुर सैनिक मात्र कहलाइएका थिएनन, बल्कि एक कुशल राजनीतिज्ञ पनि थिए । वि.सं. १८९३-९४ को तनावपूर्ण समयमा पनि कलकत्ताको राजदूतावासमा रही उनले गरेको कामबाट पनि उनले कुटनीतिज्ञको रुपमा प्रसिद्धि पाएका थिए । (Cavenagh,1851) गगनसिंहले वि.सं. १९०२ मा सैनिकहरुलाई उस्काएर माथवरसिंहको हत्या गर्ने खोजेका थिए ।

बि.सं. १९०१ मा माथवरसिंह थापालाई राजा राजेन्द्र विक्रम शाहले सुनापत्रको तक्मा बक्सि हाम्रा दरबार भित्र बाहिरको सबै सलतनत वर्वाद भयाको र हाम्रा गाथ संवधिमा पर्न लागदा बचाई गद्दी हुकुम टक मोहर खलितापत्र मेरो थामि मेरो हुकुम १ लाई ४ को हुकुम मुखितयारको नाममा जमामर्द्धि षैर षा जाहेर गर्ना निमित्त आजतक कसैलाई नवक्सीयाको संक्षेपमा मात्र लेखियाको सुनापत्रको तकमा वक्सियौं यो तकमा तेरा सेष पछि तेरा सन्तानले पनि धारण गर्नु (परिशिष्ट २) भनी त्यत्रो विश्वास गरेको भारादारलाई आफैले हत्या गर्न लगाएको घटना ज्यादै उदेकलाग्दो देखिन्छ ।

बि.सं. १९०२ मा माथवरसिंहको हत्या भएपछि निर्वासित भएका उनका पुत्र कर्णेल रणोज्वलसिंह थापा, कप्तान रणजोर थापा र उनकी माहतारीले काशीमा बसोबास गर्दा ज्यादै कष्ट पाएको र आर्थिक अभाव हुँदा बि.सं. १९१३ मा “आमा छोरा उपर करुणा राखि” उद्धार गरियोस् (परिशिष्ट ३) भन्ने मार्मिक पत्र पठाएकोले देशभक्त, इमान्दार भारादारका संततिले कतिसम्म दुःख पाउँदा रहेछन् भन्ने कुरा स्पष्ट हुन्छ ।

माथवरसिंहको हत्याको सन्दर्भमा, एक रात जङ्ग बहादुर र गगनसिंह खवास भरेको बन्दुक लिएर ज्यान लिन तयार भए । दरवारभित्र प्रवेश गर्दा माथवरसिंहको टाउकोमा एक गोली लाग्यो र जिउमा दुई गोली लागेपछि उनी भुईमा ढले । यिनले कसैमाथि प्रहार गर्न सकेनन् । सैनिक बिद्रोह हुने सम्भावनालाई विचार गरी राति नै उनको लास पशुपति

आर्यघाटमा लगेर दाह संस्कार गरियो। यिनलाई घिसारेर लग्दा वसन्तपुर देखि पशुपतिसम्मको लामो बाटोमा यी देशभक्त भारदारको देहबाट रगतका थोपा चुहिएका थिए। (Oldfield, 1974)


यसरी, देशको प्रधानमन्त्री जस्तो गरीमामय पदमा बसेका माथवरसिहं थापालाई अपमान गरी, अमानवीय ढंगबाट कसैलाई थाहा नदिई आर्यघाटमा लगी दाह-संस्कार गरीनु अशोभनीय कार्य हो भन्न सकिन्छ।

**निष्कर्ष**

नेपाल राष्ट्रको निर्माणका नायक पृथ्वीनारायण शाहका उत्तराधिकारीले उनको दिव्य उपदेशको विपरित आचरण गर्दा देश आन्तरिक एवम् विदेशी षड्यंत्रमा परेर कमजोर बनेको तथ्य स्पष्ट छ। भाई-भारदार विचमा शक्तिको लागि होडबाजी, आपसी कलह, घात प्रतिघात र षड्यंत्रमय वातावरणमा रुमल्लिएर नेपाल दरबार किंकर्तव्यविमूढको अवस्थामा रहँदा भारतमा निर्वासित माथवरसिंह थापा नेपाल फर्केका थिए। यस्तो संकटपूर्ण समयमा, राजनैतिक अस्थिरतालाई मध्य नजर गरि योग्य भारादारको खाँचो महशुश भएकोले माथवरसिंहलाई पटक पटक दरवारबाट बोलाहट भए पनि यी स्वाभिमानी जर्नेल राजदरबार भित्रको अन्तः कलह र षड्यंत्रबारे पूर्णरुपेण जानिफकार भएको हुँदा यिनी नेपाल फर्किने सोचमा थिएनन्। तर आफ्नो वंश माथि लागेको मिथ्या आरोप मेटाउन र देशको राजकाजमा योगदान पुऱ्याउन यिनी स्वदेश फर्किए। त्यतिखेर दरबारभित्र भाँड भैलो मच्चिएको थियो। वैदेशिक नीति खल्बलिंदा सिमानामा समस्याहरु थपिंदै थिए। नेपालको अराजक अवस्था सम्हाल्दै आफ्नो शासनकाल महत्वपूर्ण बनाएका यी समर्थ भारादारले राजसंस्था माथि अगाध श्रद्धा राखेर काम गरेका थिए। इमान्दारी एंव योग्यतापूर्वक काम गरिहेको समयमा यिनले अनाहकमा मारिनु पऱ्यो। राजदरबार नै सत्ता केन्द्रित षडयंत्रमा संलग्न हुँदा देश कमजोर अवस्थामा पुगेको र देशको लागि मरिमेट्ने भारदारको राम्रो कदर हुन नसक्दा नेपाल दरबारमा षडयंत्र एवं हत्याका घटनाहरु बढेर गए। तात्कालिन शासकमा दुरदर्शिताको अभाव, निर्णय क्षमतामा कमी र दरवार भित्रको षडयंत्रलाई निस्तेज पार्न सक्ने ल्याकत नहुँदा कोत पर्वमा थुप्रै देशभक्त संततिहरुले ज्यान गुमाए। नेपालमा परचक्रीको "फुटाउ र राज गर" नीति सफल भएकोले निरंकुश राणा तन्त्रको शुरुवात भयो र यसबाट जनताले शताब्दीयौंसम्म दु:ख पाएको विवरण इतिहासका पानामा अंकित रहेको छ।

## परिशिष्ट-१


श्री ५ राजेन्द्रविक्रम शाहबाट जनरल माथवरसिंह थापालाई भीमसेन थापाले पाए सरको मुख्तियारीसहित अभयदान बक्स भएको लालमोहर ।



श्रोतः राष्ट्रिय अभिलेखालय

## परिशिष्ट-२

राष्ट्रिय अभिलेखालयको अभिलेखमा यो अर्जी माथवरसिंह थापाका छोराले लेखेको भन्ने जनाइएको छ । माथवरसिंह थापाको हत्यापछि उनको परिवार निर्वासित भई वनारसमा बडो दु:ख कष्टका साथ वसेका हुँदा "आमा छोरा उपर करुणा राखी" उद्धार गरियोस् भन्ने अपेक्षा गरी नावालकले अनुरोध गर्दै सम्वत १९१३ साल कार्तिक सुदि १५ रोज ४ मा यो अर्जी लेखिएको देखिन्छ ।


श्री
११८
श्रीधर्म
श्रीदैव
अर्जी

*श्रोतः राष्ट्रिय अभिलेखालय*

## परिशिष्ट-३

श्री ५ नानी महाराजधिराज
४

आगे श्री मिनिष्टर एण्ड कमाण्डर इनचिफ जनरल माथवर सिंह थापा बहादुरके ९४ साल देखि हाम्रा दरवार भित्र वाहिरको सबै सलतनत् वर्वाद भयाको र हाम्रा गाथ संवधिमा पर्न लाग्दा वचाई गद्दि हुकुम टक मोहर खलितापत्र मेरो थामि मेरो हुकुम १ लाई ४ का हुकुम मुखितयारको नाममा जमामर्द्धि षैर षा जाहेरगर्ना निमित्त आज तक कसैलाई नवक्सीयाको संक्षेपमा मात्र लेखियाको सुनापत्रको तकमा वक्सियौं यो तकमा तेरा सेष पछि तेरा सन्तानले पनि धारणा गर्नु । इति सम्बत १९०१ साल मिति फाल्गुण वदि ४ रोज ४ शुभम् ।



**सन्दर्भ ग्रन्थ सूचि**

थापा, रमेशजङ्ग. (२०३०). *नेपाल देशको इतिहास,* प्राचीन नेपाल, पुरातत्तत्व विभाग.

नेपाल, ज्ञानमणि. (२०५०). *नेपालको महाभारत,* साझा प्रकाशन.

मिश्र, रविन्द्र. (२०७३). *राजनीतिसंगै राजकाज,* फाइन प्रिन्ट बुक्स.

यमि, धर्मरत्न. (२०५८). *नेपालका कुरा,* धर्मदेवी राजभण्डारी, तिमिला यमी.

श्रेष्ठ, संहिता. (२०४६). *माथवरसिंह थापा,* श्रीमती निरकुमारी श्रेष्ठ.

सुवेदी, राजाराम. (बि.सं. २०७८). *नेपालको तथ्य इतिहास,* शिखा बुक्स.

Adhikari, K.K. (1974). Mathavar Singh's assassination, *Voice of History*, volume – 1, T.U.

Cavenagh, O. (1851). *Rough notes on the state of Nepal, its government, army and resources,* W. Palver Mililary Arfernt Press.

Oldfield, H.A. (1974). *Sketches from Nepal.* volume -1, Cosmo Publications.

Ramakant, (1968). *Indo Nepalese relations,* S.Chand and Co.

Shah, Rishikesh. (2001). *An introduction to Nepal,* Ratna Pustak Bhandar.

Tyagi, S. (1974). *Indo Nepalese relations.* D.K. Publishing House.

Wheeler, J.T. (1845). *Diary of events in Nepal.* G. Bell & Sons Limited.